कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

# सुरक्षित नागरिक आवास कार्यक्रममा लाभग्राही सुचीमा नाम समावेश गर्न आवेदन आव्हान गरिएको सुचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/०९/१३)

नेपाल सरकारको आ.व. २०७७/७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार विपन्न नागरिकहरुका लागि जस्ताको छानो निर्माण गरिदिने संघिय सरकारको लक्ष भएकोले संघिय सरकारबाट चालू आर्थिक वर्षमा विपन्न नागरिकहरुका लागि सुरक्षित आवास कार्यक्रम घोषणा भइ कार्यान्वयनको चरणमा रहेको छ । उक्त लाभग्राही सूचीमा नाम दर्ता गराउन यस कालिका नगरपालिकाको चितवन मा बसोबास गर्ने तपशिल का गर्न पूरा गर्ने नागरिकहरुले बमोजिमका नागरिकहरुले यो सुचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र कालिका नगरपालिका नगरको आ-आफ्नो वडा कार्यालयमा आवेदन पेश गर्न सम्बन्धित सबै नगरबासीहरु को जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । रीत नपुगी वा तोकिएको सिमा भित्र आवेदन दर्ताहुन नआएमा त्यस्तो प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>तपशिलः</u>

१. बस्न योग्य नरहेको खर, झिंगडी, त्रिपाल वा फुसले छाएको झुपडीमा बसोबास गरिरहेका र घर बनाउन नसक्ने विपन्न नागरिक भएको,

२. बार्षिक ५० हजार भन्दा कम आय हुने विपन्न नागरिक भएको सम्बन्धित वडाकार्यालयबाट सिफारिश भएको,

३. स्थानीया तह वा नेपाल सरकारलाई बुझाउनुपर्ने राजश्व बुझाउन बाँकी नरहेको,

४. आफू वा परिवारका सदस्यहरुको नाउँमा अन्यत्र बस्नयोग्य जस्ताले छाएको घर नभएको,

५. प्रचलित कानून बमोजिम कुन सरकारी सेवा प्राप्त गर्नलाई बाधा नरहेको ।

(क) निवेदकले आवेदनका साथमा नेपाली नागरिकताको प्रमाण पत्र र आफ्नो र आफ्नो परिवारका सदस्यका नाममा रहेको जग्गाको लालपूर्जा, बसोबास रहेको घर र परिवारको फोटो आवेदनसाथ पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत